<u>नीति कार्यक्रम तथा बजेट</u>

स्थानीय तहको निर्वाचन पश्चात चौथो नीति कार्यक्रम तथा बजेटको रुपमा यस गरिमामय गाउँसभा समक्ष म्यागङ गाउँपालिकाको आगामी आर्थिक बर्ष २०७७/०७८ को नीति कार्यक्रम तथा बजेट प्रस्तुत गरिरहँदा गौरबको महशुस भएको छ। नेपालको युगान्तकारी राजनीतिक परिबर्तन पश्चात संस्थागत भएको संघीयता मार्फत ऐतिहासिक रुपमा अधिकार सम्पन्न भएका स्थानीय तहहरु समक्ष चुनौती र अवसरहरु दुबै छन्। सीमित साधन स्रोत र गाउँपालिका संस्थागत विकास भइ नसकेको अवस्था र स्थानीय जनताको गाउँपालिका प्रतिको अधिक अपेक्षाको बाबजुत गाउँपालिकाले स्थानीय तहको पूर्वाधार विकास र समग्र क्षेत्रको समृद्धिको लागि दृढ संकल्पित भइ अगाडी बढेको बिषय सर्वविदितै छ। यसकै विचमाकोरोना रोगको महामारीबाट विश्वमै ठूलो मानवीय र आर्थिक संकट पैदा भएको अवस्थामा यो रोगले सिर्जना गरेको स्वास्थ्य संकट न्यूनिकरणमा केन्द्रीय सरकार तथा प्रदेश सरकारको तर्फबाट चालिएका कदमले केही हद सम्म मद्दत पुगेको भएतापनि यसको प्रत्यक्ष सामना स्थानीय तहले गर्नु परेको छ।यो अवस्थामा यस गाउँपालिकाले सुशासन विकास र समृद्धिको आधारशिला तयार गर्दै सामाजिक न्याय र पूर्वाधार विकास सहितको समृद्ध गाउँपालिका निर्माणको साथै कोभिड-१९ले सिर्जना गरेको चुनौती सामना गर्न आगामी आर्थिक बर्षको नीति कार्यक्रम तथा बजेट केन्द्रित हुनेछ।

**सोचः** रोजगारी सिर्जना तथा दिगो विकास सहित गरिबी न्यूनीकरण गरी समृद्ध म्यागङ गाउँपालिका निर्माण गर्ने

**लक्ष्यः** प्रचुर संभावना रहेको कृषिमा आधुनिकिकरण, ब्यवसायिकरण र बजारीकरण गर्दैप्राकृतिक श्रोत साधन र मानवीय पुँजि परिचालन गरी दिगो पुर्वाधार विकास मार्फत म्यागङ गाँउपालिकालाई आत्मनिर्भर, सम्मुनत र समृद्ध बनाउने ।

**उद्धेश्यहरुः**

१. कृषि, सहकारी, उद्योग, पर्यटन, वन, जडिबुटी क्षेत्रको पहिचान, परिचालन र विकास गरी आर्थिक विकास र विस्तार गर्ने
२. पालिका स्तरीय सडक गुरुयोजना मार्फत सम्पूर्ण वडा कार्यालयहरुमा सडक सञ्जालको विस्तार, विकास र स्तरउन्नतिमा विषेश जोड दिने

३. कार्यपालिका र वडा कार्यलयका प्रशासनिक भवन निर्माण कार्य सुरु गर्ने र विकास साझेदारहरुसंग सहकार्य गरी पूर्वधार विकासका कार्यमा तिव्रता प्रदान गर्ने
४. वर्तमान विषम परिस्थितिलाई मध्यनजर गर्दै कोभिड १९ प्रतिकार्य कार्यक्रम सञ्चालन, शिक्षमा वैकल्पिक पठनपाठन प्रणालीबाट विद्यार्थीको सिकाई सहजीकरण कार्य साथै सामाजिक विकासका लागि विकास साझेदारसँग सहकार्य गर्ने
५. सार्वजनिक तथा व्यक्तिगत जमिनमा हरियालि प्रवर्द्धन, उपभोक्ता समितिसँग सहकार्य गर्दै वन वातावारण संरक्षणका साथै प्रकोप व्यवस्थापन र राहत तथा उद्दार सामाग्रीको यथास्थितिमा भण्डारण गर्ने
६. गाउँपालिकाको आवधिक योजना र प्रोफाइल निर्माण, प्रशासनिक कार्यहरुका लागि सफ्टवेयर प्रणाली अवलम्बन, विविध औजारहरु प्रयोग गरी कर्मचारीलाई उत्प्रेरित गरि सेवा प्रवाह कार्यमा तिव्रता र सरलता ल्याउदै सुशासन कायम र विभिन्न तालिम मार्फत संस्थागत विकास गर्ने

**बार्षिक नीतिकार्यक्रम तथाबजेट तर्जुमा गर्दा अबलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु**

आगामि आ.व.२०७७/०७८ को नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्दा देहायका बिषयहरुको आधारमा तयार गरिएको छ।

क) नेपालको संविधानको अनुसुची ८ र ९ मा उल्लेखित स्थानिय तहको एकल तथा साझा अधिकारहरु
ख) नेपालको संविधानमा उल्लेखित मौलिकहकहरु
ग) नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्य प्रणाली
घ) स्थानिय सरकार संचालन ऐन २०७४ ले निर्देशित गरेका व्यवस्थाहरु
ङ) नेपालसरकारलकोपन्धौं आवधिक योजनाले लिएका नीति तथा प्राथामिकताहरु,
च) संघीय सरकारले अवलम्बन गरेमा आर्थिक तथा वित्तिय नीतिहरु
छ) स्थानीय तहले तय गरको प्राथामिकताहरु,
ज) नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु,
झ) विकासको समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगोविकास, जलवायु परिर्वतन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशि विकास,

वालमैत्री स्थानिय शासन, वातावरण मैत्री स्थानिय शासन लगायतका अन्तरसम्बन्धित विषयहरु

ञ) परिवर्तित परिस्थितिमा कोभिड-१९ ले सिर्जना गरेका चुनौतीहरु र प्राथमिकता क्षेत्रहरु

**बार्षिक नीति कार्यक्रमतथा बजेटका प्राथमिकताहरु**

आगामि आ.व.२०७७।७८ को नीति कार्यक्रमतथा बजेटतयार गर्दा देहायका बिषयहरुलाई प्राथामिकता दिईएको छ।

क) आर्थिक विकास र गरिवी निवारणमा पत्यक्ष योगदान पुर्याउने,

ख) उत्पादनमुलक र छिटो प्रतिफल दिने(ठूला आयोजनाहरुको हकमा बढिमा २ वर्ष भित्र सम्पन्न हुने)

ग) राजस्व परिचालनमा योगदान पुर्‍याउने,

घ) जनसहभागितामा अभिवृद्धि गर्ने,

ङ) लैंगिक समानता,सामाजिक समावेशिकरणको अभिवृद्धि गर्ने,

च) दिगो विकास,वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुर्याउने,

छ) समुदायलाई विपद तथा जलवायु परिवर्तन उत्थानशिल बनाउने,

ज) स्थान विशषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने,

झ) स्थानिय तहका निर्णय अनुरुप प्राथमिकताका परेका कार्यक्रमहरु

आगामी आर्थिक बर्ष यस गाउँपालिकाले अवलम्बन गर्ने क्षेत्रगत नीति तथा कार्यक्रम यस प्रकार हुनेछन्।

<u>१. आर्थिक विकास</u>

**(क) कृषि तथा पशुपालन**

- गाउँपालिका मा रहेका सम्पुर्ण कृषकहरुको तथ्याङ्क संकलन तथा अध्यावधिक गरि व्यवस्थित अभिलेखिकरण गरिनेछ। साथै कृषि समुहहरुको गठन तथा पुनर्गठन गरी व्यवस्थित अभिलेखीकरण गर्नुको साथै प्रभावकारी परिचालनमा जोड दिइनेछ।
- गाँउपालिका का सबै वडा समेटने गरि बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र(पकेट)विकास कार्यक्रम संचालन गरिने छ।
- रैथाने बाली हरुको संरक्षण र सम्वर्द्धन को लागि रैथाने वालीप्रवर्द्धन गर्नुका साथै राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने बाली वस्तु साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट)विकास कार्यक्रम संचालन गरिने छ।

- गाउँपालिकाले निश्चित मापदण्ड र कार्यविधि निर्धारण गरि कृषि तथा पशुपन्छि विकासको क्षेत्रमा मागमा आधारित अनुदान कार्यक्रम संचालन गरिनेछ। मागमा आधारित अनुदान कार्यक्रमको लागि कृषि समुह तथा सहकारीलाई प्राथमिकता दिइनेछ।
- गाँउपालिकामा मिनि/ डिजिटल मोबाईल माटो ल्याबको स्थापना गरी माटो परिक्षण कार्य संचालन गरिनेछ।
- स्थायी रुपमा कृषि तथा पशुका प्राविधिक कर्मचारीहरु पदपूर्ति नभए सम्मको लागि एक गाँउ एक प्रविधिकको रुपमा करारमा कार्यरत कर्मचारीहरुलाईनिरन्तरता दिईने छ।

(ख) लघु-उद्योग/ व्यवसाय तथा वाणिज्य

- लघु उद्योगमा संलग्न उद्यमीहरुको प्रोफाइल तयार गरी प्रतिस्पर्धामा छनौट भएका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु मार्फत लघु उद्यम विकास मोडेलमा नयाँ उद्यमी सिर्जना गर्नुको साथै गाउँपालिका क्षेत्र भित्र रहेका उद्यमीहरुको स्तरोन्नती गरिनेछ।
- गाउँपालिका भित्र संचालनमा रहेको होटल, पसल तथा सबै व्यवसायलाई अनिवार्य दर्ता गराइ मूल्य निर्धारण गरि व्यवसाय गर्नमा जोड दिइने छ।
- कोरोना महामारीका कारण वैदेशिक रोगजार बाट फर्केका सिप युक्त वा तालिम प्राप्त युवाहरुको क्षमता पहिचान गरि गाँउपालिका भित्रहुने विभिन्न विकासका योजनाहरु, लघु-उद्यम, व्यवसायमा समावेश गरिने छ।

(ग) सहकारीः

- सहकारी सम्बन्धीनयाँ नीति, कानुन, नियम, मापदण्डनिर्माण गरि सहकारी संस्थाहरुको संचालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ। गाउँपालिका क्षेत्रभित्र कार्यरत सहकारी संस्थाहरुको नियमनमा कडाइ गरी नियमित प्रतिवेदन प्रणालीलाई अनिवार्य गरिनेछ।
- सहकारीहरुको संचालन तथा व्यवस्थापनमा एकरुपता र प्रभावकारीता कायम गर्न हाल क्रियाशील सहकारी संस्थाका संचालकहरुलाई संचालन तथा व्यवस्थापन सम्बन्धि तालिम प्रदान गरिने छ।

घ) पर्यटन तथा संस्कृति प्रवर्धनः

- यस गाँउपालिका भित्रको पर्यटन क्षेत्र पहिचान गरि प्रचार प्रसारको निम्ति गाउँपालिकाको भिडियो प्रोफाइल तयार गरिनेछ। निर्माणाधिन ऐतिहासिक टुडि पार्कको निर्माण कार्यलाई निरन्तरता दिईने छ।

- गाँउपालिका क्षेत्र भित्र होमस्टे सेवा प्रवर्द्धनको लागि उद्यमीहरु पहिचान गरि  तालिम प्रदान गरिने छ।
- यस गाँउपालिकामा  चलन चल्तिमा रहेको प्राचिन, ऐतिहासिक तथा साँस्कृतिक परम्परागत जात्रालाई पहिचान अभिलेखीकरण गरी  सम्पुर्ण साँस्कृतिक परम्पराको संरक्षणमा जोड दिइनेछ।

<u>२.पूर्वाधार विकास</u>

(क) सडकः

- गाउँपालिकाको सबै बस्तिहरुलाई जोड्ने सडकहरुलाई व्यवस्थित गर्न गाउँपालिका स्तरीय सडक गुरुयोजनानिर्माण गरिने छ।
- चलिरहेको तथा नवनिर्माण हुने सडकहरु निर्माण गर्दा वातावरणमैत्री सडक बनाउन बायो इन्जिनियरिङ (Bio Engineering) लाई बिषेश जोड दिईने छ।  साथै गाउँपालिका केन्द्र देखि वडा सम्म जोड्ने सडक स्तरोन्नतीलाई विशेष प्राथमिकतामा राखिनेछ।

ख) भवनः

- गाँउपालिका कार्यालय भवन र वडा नं. १, २, ५ र ६ को कार्यालय भवन निर्माणका लागि बजेट विनियोजन गरि चालु आ.व. बाट निर्माण कार्य सुरु गरिने छ।  पालिका भित्र निर्माण हुने संरचनाहरु अपाङ्ग मैत्री बनाइने छ।
- राष्ट्रिय भवन सहिता तथा मापदण्ड बमोजिम गा.पा. स्तरीय कार्यविधि निर्माण गरि यस अघिनै निर्माण सम्पन्न भएका घरहरुको अभिलेखीकरण तथा नयाँ निर्माण हुने भवनहरुको नक्सापास गर्ने कार्यलाई अनिवार्य गरिने छ।

ग) झोलुङ्गेपुल

- आगामी आ.व.मा गाँउपालिकामा कार्यरत विकास साझेदारहरुसंगको सहकार्य समेतमा वडा नं. १, ३ र ६ मा गरी नयाँ  ३ वटा झोलुङ्गेपुलहरु निर्माण गरिनेछ।

घ) उपभोक्ता समिति

- उपभोक्ता समिति मार्फत निर्माण हुने  सम्पुर्ण योजनाहरुको हकमा लागत  सहभागिता न्यूनतम २०% कायम गरिनेछ।  आगामी आर्थिक बर्षमा उपभोक्ता समितिबाट संचालन गरिने आयोजनाहरुको सम्झौता चैत मसान्तसम्म हुने गरि व्यवस्था मिलाईनेछ। साथै  उपभोक्ता समितिहरुबाट ज्येष्ठ मसान्तसम्म आयोजना सम्पन्न  गर्नुपर्ने व्यवस्था अनिवार्य रुपमा लागु गरिनेछ।

ङ) सिंचाई

- कृषकहरुको माग तथा प्राथमिकताका आधारमा हाल संचालनमा रहेका सिंचाई आयोजना र नयाँ निर्माण हुने आयोजनाहरुका लागि जनसहभागितामा निर्माण कार्य सुनिश्चित हुने गरि गाँउपालिकाले पाईप खरिद गरी उपभोक्ता समुह मार्फत वितरण गरिनेछ।

<u>३.सामाजिक विकास</u>

(क) शिक्षाः

- नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन २०७४अनुसारमाध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको जिम्मेवारी स्थानीय तहको अधिकारक्षेत्र भित्र रहकोमा गाउँपालिका क्षेत्रभित्र संचालित विद्यालयको शैक्षिक गुणस्तर सुधारमा गाउँपालिकाले विशेष प्राथमिकता दिनेछ।
- विश्वभर महामारीको रुपमा फैलिएको कोभिड-१९ को कारण बन्द भएको पठनपाठन वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाई सहजीकरण निर्देशिका,२०७७ बमोजिम संचालन गरिनेछ।
- विद्यालय जाने उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा अनिवार्य रुपमा भर्ना गर्ने वातारण निर्माण गरिनेपालको संविधान र अन्तराष्ट्रिय प्रतिबद्धताअनुसार शिक्षामा सबै बाल बालिकाहरूको पहुँच सुनिश्चित गर्न विद्यालय नजाने बालबालिकाको संख्या शुन्य बनाइनेछ।
- विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालयमा ल्याउने, वैकल्पिकशिक्षाको गुणस्तर बृद्धि गर्ने, शिक्षालाई विज्ञान र प्रविधिसँग, इन्टरनेट सहितको कम्प्युटर तथा सूचना प्रविधिको विकास गर्ने बालमैत्री विद्यालय निर्माण गर्ने।
- इन्टरनेटको पहँच नपुगेको विद्यालयहरूमा इन्टरनेट सेवा विस्तार गर्नुको साथै विद्यालयहरुमा विद्युतीय हाजिरीलाई अनिबार्य गरी CCTV Camera को व्यवस्था गरिनेछ।
- विद्यालयको बास्तविक अवस्था र भावी दिनको लागि बस्तुगत आधार सहितको योजना निर्माणको लागि तालिमको व्यवस्था गरी विद्यालय सुधार योजना (SIP) निर्माण गर्न विद्यालयहरुलाई आवश्यक सहयोग गरिनेछ।
- विद्यार्थी दिवा खाजा अभियानलाई निरन्तरता दिइ हाल नमुनाको रुपमा ३ वटा विद्यालयमा दिवा खाजा कार्यक्रममा आमाको सहभागितालाई सम्पर्ण सामुदायिक विद्यालयमा विस्तार गरिनेछ।
- गाउँपालिकाको शिक्षा प्रणालीलाई व्यवस्थित गर्न संघीय र प्रादेशिक ऐनहरुसँग नबाझिने गरी शिक्षा नीति,ऐन,नियमावली, निर्देशिका तथा कार्यविधिहरु निर्माण गरी लागु गरिनेछ।साथै कक्षा १देखि ३ सम्मको लागि स्थानीय पाठ्यक्रम निर्माण गरी यसै बर्षबाट कक्षा १ को लागि स्थानीय पाठ्यपुस्तक समेत तयार गरी लागु गरिनेछ।

- यस पालिकका भित्रका अध्ययनरत सम्पुर्ण विद्यार्थीका अभिभावकहरुलाई महामारी सचेतना, बालबालिका हेरचार, बाल अधिकार, सुरक्षित मातृत्व, मनोपरामर्श सेवा लगायतका विषयलाई समेटेर अभिभावक शिक्षा सुरु गरिनेछ।
- यस गाँउपालिकाको वडा नं.-५ सामारीमा रहेको  एकमात्र संचालित क्यामपसको गुणस्तर बृद्धिको निम्ति आवश्यक अनुदानको व्यवस्था गरिनेछ।
- विद्यालयको हाता भित्र हरियाली वातावरण निर्माणका लागि **एक बिद्यालय एक बगैचाःएक विद्यार्थि एक विरुवा**कार्यक्रमको सुरुवात गरी उत्कृष्ट बगैचा भएको विद्यालयलाई पुरस्कृत गरिनेछ।
- पठनपाठनमा शैक्षिक सामाग्रीको प्रयोग बृद्धि गर्न गाँउपालिका स्तरीय शैक्षिक सामाग्री प्रदर्शनी मेला आयोजना गरिने छ।
- प्राथिमक तहको शैक्षिक गुस्तस्तर सुधारको लागि नमुनाको रुपमा गाउँपालिका भित्रका विद्यालयहरुबाट छनौट भएको विद्यालयको प्राथमिक तहको कक्षा कोठा सुधार गरी सुचना प्रविधि समेतको प्रयोगमा नमुनाको रुपमा शिक्षण सिकाइको सुरुवात गरिनेछ।

**(ख) स्वास्थ्यः**

- बर्सुन्चेत, किम्ताङ र बुङताङमा नेपाल सरकारको पुनःनिर्माण कार्यक्रम अन्तरगत स्वास्थ्य चौकी भवन निर्माण कार्य सुरुवात गरिनेछ । साथै म्यागङ-५ सामारीमा  प्रदेश सरकारको सहयोमा स्वास्थ्य चौकी भवन निर्माण कार्य सम्पन्न गरिनेछ।
- गा.पा.का सबै बर्थिङ सेन्टर हरुको सेवा प्रवाहलाई प्रभावकारी बनाउन अक्सिजन सिलिन्डर, नेबुलाईजर, फ्रिज लगायतका सामाग्रीहरुको यथोचित प्रबन्ध मिलाईनेछ।
- गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा स्थायी स्वास्थ्यकर्मी नियुक्ति भई नआए सम्म हाल करार सेवामा कार्यरत स्वास्थ्यकर्मिलाई निरन्तरता दिईने छ।
- गाउँपालिका भित्रका साबिकका खोप केन्द्रहरुलाई यथावत राखी म्यागङ गाउँपालिका वडा नं. ३ को ओखेनी र साप्चेतमा  खोप केन्द्र संचालन गरिने छ। यस कार्यको लागि आवश्यक साधन स्रोतको व्यवस्था गरिनेछ।
- ६० बर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयं-सेविकालाई स-सम्मानआर्थिक प्रोत्साहन सहित बिदाई गरि नयाँ नियुक्ति गरिने छ।
- गर्भवति महिलालाई  सुत्केरी गराउन स्वास्थ्य संस्थामा ल्याउन सहयोग गर्ने महिला स्वास्थ्य स्वयं सेविकालाई रु ५०० प्रोत्साहन स्वरुप उपलब्ध गराइनेछ।गाउँपालिका भित्रको बर्थिङ सेन्टरमा सुत्केरी गराउन नसक्ने अवस्था आइ अन्यत्र लैजान सिफारिस भएको अवस्थामा

मापदण्ड बनाइ ऐम्बुलेन्स भाडा बापत अधिकतम रु ५००० सम्म सुत्केरी महिला प्रदान गरिनेछ।

- गाउँपालकाको सबै वडा समेट्ने गरी जेष्ठ नागरिकस्वास्थ्य परिक्षण र समान कार्यक्रम संचालन गरिनेछ।

**(ग) खानेपानी**

- खानेपानी तथा सरसफाई गुरु योजना (WASH MasterPlan)निर्माण गरि गा.पा. स्तरीय खानेपानी तथा सरसफाईको कार्यलाई व्यवस्थित गरिनेछ।
- संञ्चालनमा आएका खानेपानी आयोजनाहरुलाई अवस्था अनुसार, मर्मत संभार संरक्षण गरी १ घर १ धाराको नीति अनुरुप उपभोक्ताको मागमा आधारित सहयोग कार्यक्रम संचालन गरिनेछ। साझेदार संस्थाहरुको सहयोगमा खानेपानी आयोजनाहरु निर्माण गरिनेछ।

**घ) लैंगिक समानता तथा सामाजिक समावेशीकरण**

- बालबालिका, महिला, दलित, आदिवासि जनजाति, युवा, जेष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक, वर्ग र क्षेत्रलाई प्रतिस्पर्धी जनशक्तिको रुपमा सशक्त बनाउन क्षमता विकास, सामाजिक सशक्तिकरण, सिपमुलक तालिम र आयआर्जनका कार्यक्रम सञ्चालन गरी राज्यको मुलप्रवाहमा समाहित गरिनेछ।
- बाल विबाह अन्त्यको लागि बालबिबाह मुक्त अभियान सञ्चालन गरिनेछ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणकानीति, ऐन, नियम, कार्यविधि बनाई, लैङ्गिक उत्तरदायी बजेट (GRB) तर्जुमा प्रक्रिया अवलम्बन गरिनुका साथै पालिका स्तरीय अभिमुखीकरण गर्दे योजना तर्जुमा प्रक्रियामा सबै प्रकारका लिङ्ग र समुदायको अर्थपूर्ण सहभागिता बढाउन पहल गरिनेछ ।
- गत वर्षमा सम्पन्न गरिएको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणको कार्ययोजना बमोजिम गाउँपालिकामा लैससास सम्पर्क व्यक्ति तोकिनेछ। ।
- विभिन्न अन्तराष्ट्रिय महासन्धीको कार्यान्वयनको लागि राष्ट्रिय कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी सम्बन्धमा पालिका स्तरीय अभिमुखीकरण कार्यक्रम गरी कार्यान्वयन गर्दै लगिनेछ।
- हरेक वडामा एउटा बालउद्यान निर्माण तथा सञ्चालनको लागि पहल गरिनेछ ।
- विभिन्न आयआर्जनका लागि सिप विकास तालिम (जस्तैः मोटर साईकल, मोवाइल, सवारी चालक, कम्प्युटर, कपाल काट्ने, प्लम्विङ्ग, कुकआदि) लाभग्राही छनौट गर्दा जोखिम (एकल महिला, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति आदी) प्राथमिकिकरण गरिनेछ ।

- जोखिममा रहेका समुदायलाई उपलव्ध राज्यका सेवा, सुविधा, नीति, कानुन र संवैधानिक व्यवस्था र पालिकाले उपलब्ध गराउने सेवा तथा सुविधाका सम्वन्धमा एकदिने अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।
- गाँउपालिका भित्रका महिला समुहहरुको गठनलाई प्रोत्साहन दिइ समुहको लागि नेतृत्व विकास सम्बन्धी तालिम दिइनेछ ।
- गाँउपालिका भित्रका ज्येष्ठ नागरिकहरुको सम्मान कार्यलाई निरन्तरता दिइनेछ । साथै ज्येष्ठ नागरिक परिचयपत्र, अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गता परिचयपत्र, एकल महिला परिचयपत्र वितरण कार्यलाई निरन्तरता दिइनेछ।
- लक्षित वर्गको कार्यक्रम मार्फत दलित समुदायको परम्परागत उद्यमशिलता विकासको क्षेत्रमा कार्यक्रम संचालन गरिनेछ।
- युवा उद्यमिको विकासको लागि प्रादेशिक तथा संघीय निकायको सहयोग र सहकार्यमा उद्यमशिलता विकासका तालिम संचालन तथा वित्तीय पहँच अभिवृद्धिको लागि स्थानीय विकास कोष मार्फत कार्यक्रम संचालन गरिनेछ।
- कोरोना भाईरसको माहामारीलाई ध्यानमा राख्दै जोखिममा रहेका वर्गहरुलाई आवश्यक मनोसामाजिक परामर्श सेवा कार्यक्रम संचालनमा ल्याईनेछ।

ङ) युवा तथा खेलकुद

- गाँउपालिका स्तरीय राष्ट्रपति रनिङसिल्ड प्रतियोगितालाई निरन्तरता दिईने छ। साथै गाँउपालिका स्तरीय अन्य खेलकूद क्षेत्रलाई प्रवर्द्धन गरिनेछ।

च) सरसफाई तथा फोहोरमैला व्यवस्थापन

- **"स्वच्छ गाउँपालिका स्वास्थ्य गाउँपालिका"** निर्माणकोलागि प्रत्येक वडामा गठनहुने टोल सुधार समिति मार्फत फोहोरमैला व्यवस्थापन गरिने छ ।टोल सुधार समितिलाई फोहोरमैला व्यस्थापन सम्बन्धि कार्यविधि बनाई Matching Fund को व्यवस्था गरिनेछ।
- प्रत्येक टोल सुधार समितिमा समितिले नै पारिश्रमिक को व्यवस्थापन गर्ने गरि एक जना फोहोरमैला संकलक नियुक्ति गरि गा.पा. बाट फोहोरमैला व्यवस्थापन सम्बन्धि तालिम प्रदान गरिने छ।
- टोल सुधार समितिको सिफारिसमा गाउँपालिकालेउचित स्थानमा ल्याण्ड फिल साइडको व्यवस्था गरिनेछ।

## ४. वन, वातावरण तथा विपद व्यवस्थापन

- गाउँपालिकामा विपद व्यवस्थापन ऐन, नियम, कार्यविधि तयार गरि गाँउपालिका र वडा स्तरमा रहेको विपद व्यवस्थापन समितिहरु पुनर्गठन गरी विपद व्यवस्थापन कार्यलाई प्रवाभकारी बनाईने छ ।प्रकृतिक प्रकोपको संभावना पहिचान गरि विपद व्यवस्थापन न्यूनीकरण कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- प्राकृतिक प्रकोप तथा विपद व्यवस्थापनको लागि गाउँपालिकामा विपद व्यवस्थापन कोषको व्यवस्था गरिनुको साथै विपदको समयमा आवश्यक हुने उद्दार तथा राहत सामाग्रीको भण्डारण गरिनेछ ।
- गाँउपालिकामा विपदको समयमा तत्काल परिचालन गर्ने Rapid Response Teamगठन गरि सुरक्षा निकायसँगको समन्वयमा तालिम प्रदान गरिनेछ। साथै प्रकृतिक प्रकोप तथा विपद परेका व्यक्ति तथा घरपरिवारलाई विपदको प्रकृति हेरि राहत सहयोग गरिनेछ।
- गाँउपालिकामा भित्रै फलफुल, जडीबुटी र  अन्य बनस्पतिजन्य बोटबिरुवाको नर्सरी स्थापना गरिनेछ। वातावरण संरक्षणका लागि व्यक्तिगत तथा सार्वजनिक जमिनमा हरियाली प्रबर्द्धन तथा आयआर्जनमा समेत योगदान पुग्ने गरी आगामी आर्थिक बर्ष भित्र विभिन्न जातका फलफुलका विरुवा वृक्षारोपण गरिनेछ।
- गाँउपालिका कार्यलय, वडा कार्यलय, बिद्यालयलयहरु स्वास्थ्य संस्थाका परिसरहरुमा अनिवार्य रुपमा उपयुक्त समयमा बृक्षारोपण गर्ने आवश्यक व्यवस्था मिलाईनेछ। वनजंगलको संरक्षणको लागि सामुदायिक वन उपभोक्ता समितिसँग सहकार्य गरिनेछ।
- सडक संजालको विस्तारको कारण जोखिम भएका बस्ती तथा क्षेत्रमा संरक्षणको लागि आवश्यक तार जाली व्यवस्था गरि जनसहभागितामा कार्यक्रम संचालनमा गरिनेछ।

## ५. सुशासन तथा संस्थागत विकास

- कर्मचारीहरुको क्षमता विकासको कार्यक्रम संचालन गरी सबै कर्मचारीहरुलाईसुचना प्रविधिको सीपयुक्त बनाइनुको साथै कर्मचारीहरुलाई पेशागत प्रशिक्षणमा सहभागी गराइनेछ।
- कर्मचारीलाई नेपाल सरकारले निर्धारण गरे बमोजिम तलब भत्ता उपलब्ध गराइनेछ। कर्मचारी प्रोत्साहन स्वरुप निश्चित मापदण्ड बानाई कर्मचारीहरुलाई आवास सुबिधा उपलब्ध गराईनुको साथै कर्मचारीहरुलाईस्थानिय भत्ताको व्यवस्था गरिनेछ।
- साझेदारी संस्थासँगकोसहकार्य र समन्वयमागाँउपालिकाको आवधिक योजना र प्रोफाइल तयार गरिनेछ।

- गाउँपालिकामा बजेट निर्माण तथा लेखा सम्बन्धी कार्यहरु SuTRAप्रणालीबाट संचालन हुँदै आएकोमा आगामी वर्षबाट विद्युतीय सेवाको विकास र विस्तारको लागि योजना, जिन्सी र राजस्व सम्बन्धी कार्यहरु सफ्टोयर प्रणालीबाट संचालनको लागि आवश्यक व्यवस्था गरिनेछ। कार्यलयहरुमा विद्युतीय हाजिरी, कम्प्यूटर तथा इटरनेको प्रयोग प्रभावकारी बनाइनेछ।
- हाल वडा नं. २, ५  र ६ मा व्यक्तिगत घटना दर्ताको कार्य अनलाईन प्रणाली मार्फत हुँदै आएकोमा आगामी आर्थिक बर्षबाट सबै वडामा अनलाईन व्यक्तिगत घटना दर्ता कार्यलाई अनिवार्य गरिनेछ।
- प्राकृतिक प्रकोप तथा भवितव्य घटनाहरुबाट कार्यालयको लेखा तथा प्रशासनिक अभिलेखको संरक्षणको लागि अभलेखहरुलाई डिजिटाइजेसन (Digitization) गरी सुरक्षित गरिनेछ।
- अनुगमन मूल्याङ्कन प्रणाली सम्बन्धी कानुन/कार्यविधि निर्माण गरि गाउँपालिकाको सेवा प्रवाह तथा आयोजना कार्यान्वयनको प्रभावकारी अनुगमन तथा मुल्याङ्कन गरिनेछ।
- सार्वजानिक सुनुवाई कार्यविधिलाई निर्माण गरि कार्यन्वयनमा ल्याईनेछ । सुशासनका अन्य औजारहरुलाई क्रमशः कार्यन्वयनमा ल्याईने छ। समय भित्र पेश्की तथा बेरुजु फर्छ्यौटलाई प्रथमिकता दिइनेछ।
- गाउँ पालिकामा राजश्वको स्रोतहरुको सिमित रहेको अवस्थामा दायराहरुको वृद्धिको लागि आगामी वर्षमा राजश्व सुधार कार्य योजनाको रणनिति  बनाई कार्यान्वयनमा ल्याउनुको साथै आगामी आर्थिक वर्षबाट सम्पति कर उठाउन सुरुवात गरिनेछ।
- नुवाकोट जिल्लाभित्र प्रकाशन तथा प्रशारण हुने संचार माध्यमहरुलाई लोककल्याणकारी विज्ञापनको रुपमा आवश्यक सहयोग उपलब्ध गराइनेछ। म्यागङ गाउँपालिकाको विकास सम्बन्धी सकारात्मक समाचार सम्प्रेषण गर्ने पत्रकार छनौट गरी विकास पत्रकारीता पुरस्कार प्रदान गरिनेछ।